का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ चैत २०८०,
आइतबार
24 March 2024,
Sunday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गृहमन्त्रीलाई 'सहकारी' भारी

भ्रष्टाचारको फाइलहरु अघि बढाउने दृढता देखाइरहेका गृहमन्त्री लामिछानेलाई सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोप भारी परिरहेको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले गृहमन्त्रीको राजीनामालाई संसद सञ्चालनको बटमलाइन नै बनाएको छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने भ्रष्टाचारको फाइल अघि बढाउने दृढता देखाइरहेका छन् । तर उनलाई सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोपमा भारी परिरहेको छ ।

शनिबार काठमाडौंमा आयोजित एउटा कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा पनि गृहमन्त्री लामिछाने भ्रष्टाचारको फाइलहरु अघि बढाउने दृढता देखाइरहँदा सहकारीको रकम अपचलनको आरोपमा आफू दोषी नरहेको प्रष्टीकरण दिइरहेका थिए । आफू कुनै सहकारीको सञ्चालक नरहेको, सदस्य नरहेको र कतैबाट ऋण नलिएएको उनको प्रष्टीकरण छ ।

यस्तो विषयलाई लिएर आफूमाथि उठाइएको प्रश्नलाई उनी अरु विषय नभएपछि जबरजस्ती विवादमा तान्ने पर्यासको संज्ञा दिन्छन् । तर यस्तो प्रयासले आफू नगल्ने गृहमन्त्री लामिछानेको प्रतिवद्धता छ ।

भ्रष्टाचारीलाई माछाको विम्ब दिँदै उनले समात्ने क्रममा कतिपय माछा चिप्ला भएकाले समात्न नसकिने र बाठा माछा लुकिहाल्ने गरेको बताए । उनले प्रमुख प्रतिपक्षी कांग्रेसले आफूसँग नैतिकताको प्रश्न गर्न नसुहाउने पनि बताए । सहकारी ठगीको विषयमा आफूलाई जवाफ दिन नदिएको कांग्रेसले यसअघिको सरकारमा विभिन्न प्रकरणमा मुछिएका व्यक्तिलाई नै मन्त्री बनाएको भन्दै आफूतर्फ हेर्न उनले सुझाव दिए ।

'अस्तिसम्म कांग्रेस अख्तियारमा बयान दिने मन्त्री बोकेर हिँडेको थियो । आज कसैले दिएको बिना प्रमाणको उजुरीलाई लिएर राजीनामा मागिँदैछ । उही झण्डा हल्लाउँदै अख्तियारमा बयान दिन जाने सांसद नै मेरो राजीनामा माग्दै आएको देखिन्छ' गृहमन्त्री लामिछानेले ।

सहकारीका विषयमा कांग्रेससँग खुला रुपमा बहस गर्न आफू तयार रहेको गृहमन्त्री लामिछानेको भनाइ छ । 'समितिमा र संसदमा बोल्न दिनुभएन । अब तपाईंले रोजेको स्थानमा तपाईंका छानिएका व्यक्तिहरू राखेर मलाई बोलाउनुहोला । म एक्लै आउँछु' उनले भने ।

आफूसँग कांग्रेसले लिने बयान वा बहस काठमाडौं-४ मा गरिनुपर्ने पनि उनको माग छ । यो क्षेत्र कांग्रेसका महामन्त्री गगन थापाको क्षेत्र हो । यसअघि कांग्रेस महामन्त्री थापा सहितका नेपाली कांग्रेसका सांसदहरुले संसदमा गृहमन्त्री लामिछानेको राजीनामा मागेका थिए ।

राजीनामा नदिने भए संसदीय छानबिन समिति बनाउनुपर्ने भनी कांग्रेसले संसदमा लामिछानेको सहकारीको रकम अपचलनबारे छानबिनका लागि संसदीय छानबिन समितिको माग गरेको छ । तर कांग्रेसको यस मागमा सत्तारुढ दलहरु तयार भएका छैनन् ।

फागु पर्व
सभ्यरुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बैंकको सञ्चालक हुन ७० वर्षे उमेरहद !

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १० चैत ।

कर्मचारीतन्त्रमा सेवा गर्ने वा जागीर खाने उमेर हदको व्यवस्था छ । यदाकदा राजनीतिक दलहरुको नेतृत्वको लागि समेत उमेरहदको विषय बहसमा आउँछन् । बैंक र व्यावसायमा उमेरहदको व्यवस्था छैन ।

तर, अब बैंकको सञ्चालक हुनका लागि ७० वर्षे उमेरहद लाग्ने गरी सरकारले कानुन बनाउन लागेको छ । यसका लागि अर्थमन्त्री वर्षमान पुनले बैंकको सञ्चालक हुन ७० वर्षे उमेरहद राख्ने प्रस्तावसहितको विधेयक संसदमा लगेका छन् ।

> संसदमा दर्ता भएको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयकमा बैंकको सञ्चालक हुन २५ भन्दा कम उमेर र ७० वर्ष भन्दा बढी उमेर हुन नहुने प्रस्तावित व्यवस्था छ ।

गत बिहीबार प्रतिनिधि सभामा दर्ता भएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ लाई संशोधन गर्न बनेको विधेयकमा बैंकको सञ्चालक हुन २५ भन्दा कम उमेर र ७० वर्ष भन्दा बढी उमेर हुन नहुने प्रस्तावित व्यवस्था छ । यो विधेयक संसदले जस्ताको तस्तै स्वीकार गरे बैंकको सञ्चालक हुनका लागि ७० वर्षे उमेरहद लाग्नेछ ।

'प्रचलित ऐनको दफा १८ को उपदफा १ मा यस सम्बन्धी व्यवस्था राख्न प्रस्ताव गरिएको छ । जहाँ 'पच्चीस वर्ष पूरा नभएको र सत्तरी वर्ष उमेर नाघेको' व्यक्ति बैंकको सञ्चालक हुन अयोग्य हुने भनिएको छ । यसो गर्नु पर्नाको कारणमा भनिएको छ, 'सञ्चालकको मनोनित वा निर्वाचित उमेर किटान गर्न आवश्यक भएकोले..।'

प्रतिनिधि सभामा दर्ता भएको विधेयक संसदहरुलाई वितरण हुन्छ । त्यसपछि संसदमा पेश हुन्छ । सुरुमा संसदमै विधेयकमाथि सैद्धान्तिक छलफल हुन्छ । संसदले सैद्धान्तिक छलफल पछि विधेयक अगाडि बढाउन स्वीकृति दिएको खण्डमा सांसदहरुका लागि संशोधन प्रस्ताव गर्ने मौका दिइन्छ । सांसदहरुले कुनै पनि विधेयकमाथि संशोधन प्रस्ताव राख्नका लागि ७२ घण्टाको समय पाउँछन् ।

सांसदहरुको संशोधनपछि विधेयक दफावार छलफलमा जानेछ । दफावार छलफल संसदमै वा संसदीय विषयगत समितिमा जान सक्छ । दफावार छलफलपछि विधेयक पारित भए राष्ट्रिय पृष्ठ २ मा

## प्रदेश सरकार परिवर्तन
# अंकगणितमै समस्या

२१ फागुनमा संघमा नयाँ सरकार बनेलगत्तै प्रदेश सरकार हेरफेर हुने चर्चाबीच नयाँ गठबन्धन यसमा सफल हुन सकिरहेको छैन । नेताहरुका अनुसार संसदीय अंकगणित नमिल्दा सत्तारुढ गठबन्धनलाई प्रदेश सरकार हेरफेरमा सकस परेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० चैत ।

शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नागरिक उन्मुक्ति पार्टी (नाउपा) का नेताहरुसँग भेटे । नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ सहितका नेताहरूसँग प्रधानमन्त्री निवास वालुवाटारमा भएको भेटमा प्रधानमन्त्री प्रचण्डले सहकार्यको प्रस्ताव राखे ।

नाउपाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको छ । तर कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारमा नाउपामा सांसदहरु मन्त्री छन् । संघीय सरकारलाई समर्थन गरेको नाउपाले सुदूरपश्चिम प्रदेश सरकारमा कांग्रेसलाई साथ दिएपछि नयाँ सत्ता गठबन्धनलाई यो प्रदेशमा सरकार बनाउनै कठिन भएको छ ।

यस्तो अवस्थामा भएको भेटमा प्रधानमन्त्री प्रचण्डले नाउपालाई सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व नै लिने गरी सहकार्यको प्रस्ताव राखेका हुन् । सुदूरपश्चिममा नागरिक उन्मुक्तिको साथविना नयाँ गठबन्धनको सरकार बन्न संसदीय अंकगणित अपुग छ ।



*शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बालुवाटार भेट्न पुगेका नाउपाका नेताहरु । जहाँ सूदुरपश्चिम प्रदेश सरकारबारे छलफल भएको थियो ।*

सुदूरपश्चिम बाहेकका प्रदेशमा समेत नयाँ सत्ता गठबन्धनलाई प्रदेश सरकार हेरफेर गर्न सकस परेको छ । २१ फागुनमा संघमा नयाँ सरकार बने लगत्तै प्रदेश सरकार हेरफेर हुने चर्चाका बीच नयाँ गठबन्धन यसमा सफल हुन सकिरहेको छैन । नेताहरुका अनुसार संसदीय अंकगणित नमिल्दा सत्तारुढ गठबन्धनलाई प्रदेश सरकार हेरफेरमा सकस परेको हो ।

कोशी प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार छ । एमाले र माओवादी केन्द्रको स्पष्ट बहुमत रहेता पनि यो प्रदेशमा कांग्रेसले सरकार परिवर्तनका लागि संवैधानिक समस्या रहेको भनी प्रश्न उठाएको छ । सरकार बन्ने अन्तिम विकल्पमा कांग्रेसका केदार कार्की नेतृत्वमा सरकार बनेको थियो । यो सरकार ढले अर्को सरकार बन्ने अवस्थाको संवैधानिक ब्याख्या दलहरुले आ-आफ्नै ढंगले गरिरहेका छन् । सत्ता दलहरु भने कोशीमा बहुमतको नयाँ सरकार बन्न सक्ने बताइरहेका छन् । मधेश प्रदेशमा शनिवार मात्रै एमाले सरकारमा सहभागी भएको छ । यसअघि सरकारमा रहेको कांग्रेस सरकारबाट बाहिरिएको छ ।

बागमती प्रदेशमा पनि नयाँ सरकार बनाउन केही मत आवश्यक रहेको भनी नयाँ गठबन्धनले दुई सिट रहेको हाम्रो नेपाली पार्टीको साथ खोजेको छ । यो पार्टीले साथ दिने संकेत नपाएपछि पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा पाँच लाख रिंगेट प्रहरीलाई बुझाउने नेपाली सुरक्षागार्डलाई सम्मान

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १० चैत

एक जना नेपाली सुरक्षागार्डले आफ्नो पेशाप्रतिको इमान्दारिता र निष्ठा कायम गर्दा मलेसियामा सिंगो नेपाली समुदाय र सुरक्षागार्डको प्रतिष्ठा बढाएको छ । ड्युटीमा इमान्दारिता र निष्ठा कायम गर्ने नेपाली सुरक्षागार्ड व्यक्तिगतरूपमा रोजगारदाता कम्पनीद्वारा सम्मानित भएका छन् भने त्यसले मलेसियामा नेपाली सुरक्षागार्ड अर्थात 'गोर्खा'प्रतिको विश्वसनीयता थप बढाएको छ ।

नेपाली गोर्खा सैनिकहरूले प्रथम र दोस्रो विश्वयुद्धमा आफ्नो ज्यानको बाजी लगाएर देखाएको साहस, वीरता र इमानदारिताबाट




प्रभावित मलेसियाले सुरक्षागार्ड नेपालबाट मात्रै लिने निर्णय गरेको छ । पछिल्लो पटक गत हप्ताको घटनाले मलेसियामा नेपाली सुरक्षागार्डको छवि थप उज्यालो बनेको छ ।

मलेसियाको दामानसारामा अवस्थित एक सपिङ मलमा कार्यरत नेपाली सुरक्षागार्ड दावा शेर्पाले कसैले भुलबस छोडेको ५ लाख मलेसियन रिंगेट करिब डेढ करोड नेपाली रुपैयाँ भएको झोला इमानदारीसाथ प्रहरी कार्यालयमा बुझाएबापत उनको इमानदारिताको उच्च कदर गर्दै रोजगारदाता कम्पनीले प्रशंसापत्र, उपहार र पुरस्कारसहित सम्मानित गरेको छ ।

३९ वर्षीया दावा विगत ४ वर्षदेखि ए-फाइभ पृष्ठ २ मा

## नेपालको विकासमा सहयोगका लागि यूएई इच्छुक

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १० चैत

नेपालका लागि यूएईका राजदूत अब्दुल्लाह जरवान अल् शम्सीले नेपालको विकास, निर्माण र शैक्षिक क्षेत्रको उन्नतिका लागि सहयोग गर्न यूएई इच्छुक रहेको बताएका छन् । मुस्लिम आयोग र नेपालस्थित यूएई दूतावासको संयुक्त आयोजनामा होटल याक एण्ड यतिमा शनिबार सम्पन्न इफ्तार डिनर कार्यक्रममा



राजदूत शम्सीले उक्त धारणा राखेका हुन् ।

प्रत्येक मुस्लिम हिज्री संवतको नवौं महिना रमजानमा महिनाभर ब्रत बस्ने प्रचलन छ । उनले इस्लाम धर्मका पाँच स्तम्भमध्ये रमजान महिनामा हुने ब्रतले पृष्ठ २ मा

# विद्युतको तार चुँडिएर करेन्ट लाग्दा तीन जनाको मृत्यु

दाङ देउखुरीको राप्ती गाउँपालिकाको वडा नम्बर ३ मा विद्युतको तार चुँडिएर करेन्ट लाग्दा स्थानीय ६० वर्षीय गोरखबहादुर केसी, उनकी श्रीमती ५५ वर्षीय दिलसरा र चार वर्षीय नाती कृष्णको मृत्यु भएको हो ।

**मध्यान्ह/संवाददाता**
काठमाडौं, १० चैत ।

विद्युतको तार चुँडिएर करेन्ट लाग्दा एकै घरका तीन जनाको मृत्यु भएको छ । दाङ देउखुरीको राप्ती गाउँपालिकाको वडानम्बर ३ मा विद्युतको तार चुँडिएर करेन्ट लाग्दा स्थानीय ६० वर्षीय गोरखबहादुर केसी, उनकी श्रीमती ५५ वर्षीय दिलसरा र चार वर्षीय नाती कृष्णको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय भालुबाङका अनुसार शनिवार दिउँसो दुई बजेको समयमा तार चुँडिएर करेन्ट लाग्दा एकै घरका तीन जनाको मृत्यु भएको हो । प्रहरीका अनुसार दुई जनाको घटनास्थलमा र एक जनाको उपचारको क्रममा मृत्यु भएको हो ।

प्रहरीका अनुसार हजुरआमा र नाति



घरको आगनमा उभिएको अवस्थामा तार चुँडिएको थियो । नातिलाई करेन्टबाट छुटाउने क्रममा हजुर आमालाई करेन्ट लागेको, नाती र श्रीमतीलाई करेन्टबाट छुटाउने क्रममा गोरखबहादुर केसीलाई पनि करेन्ट लागेको थियो । मृतकको शव पोष्टमार्टमको लागी लमही अस्पतालमा राखिएको छ । पृष्ठ २ मा

# फागु पूर्णिमा मनाइँदै



**काठमाडौं/मस**–आज रङहरुको पर्व होली अर्थात् फागु पूर्णिमा । हरेक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन यो पर्व हर्षोल्लासपूर्वक मनाउने गरिन्छ । बसन्त ऋतुको आगमनसँगै मनाइने फागु पूर्णिमा पर्व एक साताअघि काठमाडौंको वसन्तपुरमा चीर ठड्याएपछि शुरु भएको थियो । रंगीचंगी कपडाका टुक्रा झुन्ड्याइएको तीनतले चीर ठड्याएपछि शुरु भएको फागु पूर्णिमाको आज विशेष दिन हो । खासगरी पहाडी जिल्लाहरुमा आज उल्लासपूर्वक होली मनाइन्छ भने तराइका जिल्लाहरुमा भोलि अर्थात् सोमबार विशेष रुपमा यो पर्व मनाइन्छ ।

आपसमा रङ र अबिर दलेर खुसी साटासाट गर्दै मनाइने यो पर्वको बेग्लै धार्मिक, साँस्कृति र सामाजिक महत्व छ। असत्यमाथि सत्यको विजय भएको उत्सवका रूपमा रङ दलेर पर्व मनाउने गरिएको धार्मिक मान्यता छ । आसुरी शक्तिकी द्योतक होलीकालाई आगोले भष्म गरी सत्यवादी भक्त प्रल्हादको उद्दार भएको धार्मिक कथनसँग जोडेर यो पर्व मनाउने गरिन्छ । होलीमा रङ र अबिर आपसमा छ्याप्ने गरिए पनि अहिले पानी बढी प्रयोग हुने गरेको छ। होलीमा मादक पदार्थ सेवन गर्नेहरुको संख्या पनि वर्सेनि बढिरहेको छ।

यसैबीच जिल्ला प्रहरी परिसर काठमाडौंले फागु पर्व (होली) लाई सुरक्षित र मर्यादित बनाउन उपत्यकामा कडाइ गर्ने भएको छ । होलीलाई लक्षित गरी काठमाडौंमा तीन हजार सुरक्षाकर्मी खटिने भएका छन् । होली पर्वका दिन काठमाडौंमा उच्छृंखल गतिविधि गर्ने, लागू पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने, मादक पदार्थ सेवन (मापसे) गरी हो-हल्ला गर्ने, सर्वसाधारणलाई त्रसित बनाउनेलगायत क्रियाकलाप गर्नेलाई कारबाही गरिने जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले राससलाई जानकारी दिए । यस वर्षको होली पर्वका लागि दुई हजार पाँचसय पोसाकधारी र पाँच सय सादा पोसाकका गरी तीन हजारको सङ्ख्यामा प्रहरी खटिने जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । होली खेल्नेहरुको समूह तथा भीडमा सादा पोसाकका प्रहरी ठूलो सङ्ख्यामा परिचालन हुने भएकाले कोही कसैले पनि कानुन विपरीतका गतिविधि गरेको पाइए तत्काल पक्राउ गरिने प्रहरी उपरीक्षक अधिकारीले बताए ।

# माओवादी केन्द्रको जुम्ला संयोजकमा न्यौपाने चयन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला,१० चैत



नेकपा (माओवादी केन्द्र) जुम्ला जिल्ला संयोजकमा नवराज न्यौपाने चयन भएका छन । माओवादी केन्द्रको कर्णाली प्रदेशको बैठकले न्यौपानेलाई संयोजक तोकेको हो। नेकपा माओवादी केन्द्र कर्णालीका अध्यक्ष बिमला के सीका अनुसार जुम्लाको संयोजक नवराज न्यौपाने (विमुख) लाई गरिएको बताइन्। उनका अनुसार शुक्रबार सुर्खेतमा बसेको कर्णाली प्रदेशस्तरीय बैठकले न्यौपानेलाई संयोजकको जिम्मेवारी दिइएको हो ।

जुम्ला लामो समयपछि नेकपा माओवादी केन्द्र जुम्लाले संयोजक पाएपछि सामाजिक सञ्जालमा बधाइ दिने क्रम बढेको छ। न्यौपाने स्थानीय तहको पहिलो निर्वाचन २०७४ मा जुम्लाको तातोपानी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए ।

संयोजक न्यौपानेले पार्टीले आफुलाई संयोजकको जिम्मेवारी दिएको बताउँदै अब प्रभावकारी योजना बनाएर पार्टीलाई थप उचाइमा लिनुपर्ने जिम्मेवारी काँधमा आएको प्रतिक्रिया दिए । उनले जिम्मेवारी दिएपछि पहिलो कार्यक्रम जिल्लामा यही चैत १२ गते जनप्रतिनिधिसँग र १४ गते पार्टीको प्रशिक्षण भेला आयोजना गरिने बताए । जिल्ला संयोजक तोकिएसँगै अब पार्टीको गतिविधिमा सहज हुने अपेक्षा गरिएको नेकपा माओवादी केन्द्र जुम्लाले जानकारी दिएको छ। यसअघि पार्टी संयोजक वीरबहादुर कुँवर थिए। उनी कर्णाली प्रदेश नेकपा माओवादी केन्द्र समितिको सहसचिव थिए ।

न्यौपानको राजनीतिक यात्रा

बुबा भक्ति प्रसाद न्यौपाने र आमा शुलोचना न्यौपानेका छोरा नमराज वि.सं २०२९ साल असोज २६ गते जन्मिएका थिए। उनी तातोपानी गाउँपालिका ३ लिताकोटमा स्थायीवासी हुन् । २०४६ साल जेष्ठ २ गते अनेरास्ववियू एकताको ११ औं साधारण सभाबाट सदस्यता प्राप्त गरी राजनीतिक यात्राको थालनी गरेका न्यौपाने, २०५० सालबाट २०५१ सालसम्म नेकपा मसालको समर्थक, २०५१ सालबाट तत्कालिन नेकपा माओवादीको समर्थक रहि २०५४ साल कात्तिकमा वाइसिएलको गार्ड सेक्रेटरीसहित पार्टी सदस्यता प्राप्त गरेका थिए । उनी वि.सं २०५४ साल चैत्त २३ मा तत्कालिन नेकपा माओवादी प्रथम जिल्ला छापामार सदस्य, २०५५ साल मंसिरबाट नेकपा माओवादीको एरिया सेक्रटरी र २०५६ सालमा नेकपा माओवादी जिल्ला संगठन समिति सदस्यता लिएका थिए।

वि.सं २०५७ साल वैशाखमा तत्कालिन नेकपा माओवादी जुम्ला, कालिकोट र मुगु जिल्लाको १० नं एरिया इन्चार्ज, २०५८ साल माघ १० गते मुगु जिल्ला जनसरकार प्रमुख, वि.सं २०६० सालमा नेकपा माओवादी मुगु जिल्लाको सेक्रेटरी, २०६१ सालामा मुगु जिल्लाको जिल्ला सेक्रेटरी इन्चार्जसम्म, २०६३ साल वैशाखमा जनमुक्ति सेनाको १० नं.कमिसनार, २०६४ सालमा तत्कालिन नेकपा माओवादी जुम्ला जिल्ला सहचार्ज, २०६९ सालमा तत्कालिन जुम्ला जिल्ला नेकपा माओवादी जिल्ला इन्चार्ज भएको न्यौपानेले बताए। २०७० साल चैत्रमा तत्कालिन माओवादी जुम्ला जिल्ला सेक्रेटरी, २०७१ सालबाट तत्कालिन नेकपा माओवादी (क्रान्तिकारी) जुम्ला जिल्ला इन्चार्ज हुँदै पार्टीको केन्द्रीय सदस्य, २०७१ सालमा पार्टी एकता भएपछि नेकपा माओवादी केन्द्रको केन्द्रीय सदस्य तथा जुम्ला जिल्ला इन्चार्ज, तत्कालिन नेकपा माओवादी केन्द्र र नेकपा एमालेको पार्टी एकता एकीकरण हुनुपूर्व नेकपा माओवादी केन्द्र पोलिटब्यूरो सदस्य भएका थिए । वि.सं २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रबाट जुम्लाको तातोपानी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित समेत भएका थिए।

**बैंकको...**

सभामा जान्छ । राष्ट्रिय सभामा पनि प्रतिनिधि सभामा जस्तै प्रक्रिया पुरा गर्नुपर्छ । दुवै सभाबाट पारित भएर अगाडि बढेको खण्डमा विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएर कानुनमा रुपान्तरित हुन्छ । त्यसपछि बल्ल प्रस्तावित व्यवस्था लागू हुन्छ ।

**प्रदेश...**

नयाँ गठबन्धनले तीन सिट रहेको नेपाल मजदुर किसान पार्टीको साथ खोजेको छ । गण्डकी प्रदेशमा कांग्रेस नेतृत्वको सरकार छ। नयाँ सरकार बनाउन नयाँ गठबन्धनले पर्याप्त संसदीय अंकगणित जुटाउन सकिरहेको छैन । लुम्बिनी र कर्णाली प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार छ । नयाँ गठबन्धनलाई नयाँ सरकार बनाउन आवश्यक संख्या भएता पनि अन्य प्रदेशको भागवण्डा टुंगो नलागेका कारण यो प्रदेश सरकार हेरफेरको गृहकार्य अगाडि बढेको छैन ।

**मलेसियामा...**

सेक्युरिटी सर्भिसेज कम्पनीमा आबद्ध रही काम गर्दै आएका थिए । उनी बौद्ध महाँकालस्थित ए एन एस एसोसिएट्स प्रा.लि. बाँट सुरक्षा गार्डमा मलेसिया गएका थिए । सुरक्षागार्ड कम्पनीका निर्देशक हरदीप सिंहले 'परिस्थितिलाई सम्हाल्ने तरिका र प्रक्रिया अपनाएकोमा दावाप्रति आफूले गर्व गरेको बताए । उनले भने, 'हामी उनको इमानदारिताको धेरै प्रशंसा गर्छौं । झोलामा रहेको ठूलो रकम सुरक्षितरूपमा प्रहरीलाई जिम्मा लगाउने उहाँको कामका लागि हामी कृतज्ञ छौं, त्यसैले हामी उहाँलाई पुरस्कृत गर्दैछौं ।'

निर्देशक हरदीपले दावालाई कम्पनीको उत्कृष्ट सुरक्षागार्डको रूपमा प्रशंसा गरे। उनले दावा आगामी वर्षसम्म साथमा रहने विश्वास व्यक्त गरे । उनले भने, 'मलाई आशा छ कि हामीले उहाँको यहाँ बस्न मिल्ने अनुमतिपत्र भिसा विस्तार गरेर थप गर्न सक्छौं, हामीलाई उहाँजस्ता इमानदार मानिसहरू चाहिन्छ ।'

दावाले दमनसराको सपिङ मलमा ड्युटीमा रहेको बेला पैसाले भरिएको झोला फेला परेपछि आफूले कम्पनीमा लिएको तालिम र तालिममा सिकेको कुरो याद आएको सम्झिँदै प्रहरीलाई जिम्मा लगाएको बताए । उनले भने, 'मैले झोलामा कति रकम छ भनेर पनि सोचिनँ, मैले मेरो ड्युटीको काम पूरा गरें ।'

सेलाङ्गर राज्यका प्रहरी प्रमुख हुसेन ओमर खानले दावाको प्रशंसा गर्दै उनले बिना विलम्ब स्थानीय समयअनुसार बिहान ८ बजे नै सपिङ मलको कार पार्कमा सुटकेस फेला पारेको रिपोर्ट दिएको बताए । फेला परेको उक्त रकम गुमाउनेले प्रमाण पुऱ्याएर प्रहरी चौकीमा निवेदन दिए रकम फिर्ता पाउने, तर कसैले सो रकम दाबी नगरेमा भने कारबाहीका लागि अदालतमा बुझाइने प्रहरी प्रमुख खानले बताए ।

**नेपालको ...**

ब्रतालुलाई संयमता र नैतिक शिक्षाको प्रयोगात्मक प्रशिक्षण प्रदान गर्ने बताए । मुस्लिम समुदायले यो महिनाभर बढीभन्दा बढी उपासना, दान, कुरआन पाठ आदि गर्छन् । महिनाभर एक-अर्का ब्रतालुहरुलाई साँझ इफ्तारमा निम्तो दिने गर्छन् । नेपालस्थित मुस्लिम राष्ट्रका दूतावासहरूले पनि इफ्तार डिनर गराउने गर्छन् । साँझ सूर्यास्त हुनासाथ ग्रहण गरिने भोजनलाई अरबीमा इफ्तार भनिन्छ । राजदूत शम्सीले यूएई-नेपालबीचको सम्बन्ध राम्रो रहेको र आगामी दिनमा विभिन्न कार्यक्रम र योजनामार्फत संयुक्तरूपमा काम गर्दै अगाडि बढ्ने बताए। यूएईले विकास निर्माण, शिक्षा र सामाजिक क्षेत्रमा काम गर्दै आएको बताए। उनले वैश्विक स्तरमा भएका समस्याहरूको न्यूनीकरण र दीगो विकासको क्षेत्रमा यूएईले ठोस कदमहरू उठाएको बताए । पर्यावरणलगायतको वैश्विक चासोका विषयमा यूएई सरकार गम्भीर भइ काम गरिरहेको भन्दै राजदूत शम्सीले यूएईले वैकल्पिक उर्जाको क्षेत्रलाई विकासको वैकल्पिक मार्ग बनाउँदै लगेको बताए ।

यूएई धार्मिक सहिष्णु मुलुक भन्दै राजदूत शम्सीले धार्मिक सद्भावका लागि यूएईले हिन्दूका लागि मन्दिर, इसाइका लागि चर्च आदि निर्माण गरेको उनले बताए । त्यस्तै उनले यूएईमा हुने विश्व कुरआन पाठ प्रतियोगितामा नेपाली हाफिजहरू पनि भाग लिइरहेको जानकारी दिए। स्वागत मन्तव्य राख्दै मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले नेपाल-यूएई सम्बन्ध गहिरिँदै गएको बताउँदै यसलाई थप मजबुद बनाउन मुस्लिम आयोगले थप भूमिका खेल्ने बताए ।

उपराष्ट्रपति रामसहाय यादवको प्रमुख आतिथ्यतामा सम्पन्न इफ्तार कार्यकममा रक्षामन्त्री हरिप्रसाद उप्रेती, राष्ट्रिय सभाका निवर्तमान अध्यक्ष गणेश तिमिल्सिना, पूर्वमन्त्री मोहम्मद जाकिर हुसैन, पूर्वसांसद रुही नाज, नेपालस्थित विभिन्न दूतावासका कूटनीतिक अधिकारी र सयौं मुस्लिम अगुवा तथा बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो ।

**विद्युतको ...**

प्रहरीका अनुसार नेपाल विद्युत प्राधिकरणको हाइटेन्सन लाइनको तार चुडिएर करेन्ट लागेको हो । विद्युतको लापरबाहीले तार चुडिएर मानवीय क्षति भएको भनी स्थानीयहरुले विरोध जनाएका छन् । उनीहरुले मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग समेत राखेका छन् ।

# मन्त्री तामाङद्वारा विश्व शान्ति धाम निर्माणस्थलको अवलोकन भ्रमण



**लुम्बिनी/मस**– बुद्धको जन्मस्थल लुम्बिनीमा निर्माणाधीन विश्वशान्ति धामको निर्माणस्थलमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले भ्रमण गरेका छन् ।

शनिबार भ्रमणसँगै मन्त्री तामाङले धाम निर्माणका अभिभावक महागुरु श्यालपा तेन्जिग रिन्पोछेसँग भेट पनि गरे । गत मंसिरमा मात्र जगमा ढुंगा बिछ्याउने कार्य शुरु गरिएको विश्व शान्ति धाम भवन निर्माणस्थलमा दैनिक सयौंको संख्यामा श्रमिकहरु कार्यरत छन् ।

विश्वकै प्ख्यात प्राविधिकहरुको निगरानीमा भइरहेको उक्त धामको निर्माण कार्य तीव्र गतिमा भइरहेकोप्रति मन्त्री तामाङले खुसी व्यक्त गरे । विश्व शान्ति निर्माणस्थलको स्थलगत अनुगमनका क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तामाङले विश्व शान्ति केन्द्रको निर्माणाधीन भवनको अवस्थाबारे चासो राख्नुका साथै विश्वव्यापी शान्ति अभियानका लागि शुरु गरिएको उक्त अभियान ज्यादै प्रशंसनीय रहेको बताए ।

सो अवसरमा आफ्नो संक्षिप्त धारणा राख्दै महागुरु रिन्पोछेले विश्वकै एक मात्र शान्ति गन्तव्य नेपालस्थित बुद्धको जन्मस्थल लुम्बिनी नै रहेको र सारा नेपाली यो अभियानमा जुनसुकै तवरले जोडिनुपर्नेमा ध्यानाकर्षण गराए । करोडौं विदेशी भगवान बुद्धले प्रतिपादन गरेको धर्मका लागि लालायित भएको भन्दै उनले यसबाट नेपालले ठूलो आर्थिक लाभ लिन सक्नेसमेत उल्लेख गरे ।

स्थलगत अवलोकनका क्रममा मन्त्री तामाङले यो एउटा भवनको संरचना मात्र नभइ विश्वकै शान्तिको केन्द्रविन्दु बनाउनुपर्ने र यो कार्यमा नेपाल सरकार सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरे । त्यस अवसरमा लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामा, सदस्य सचिव सानुराजा शाक्यलगायतको पनि उपस्थिति रहेको थियो ।

# पिठ्युँमा बच्चा बोकेर सेवा प्रदान गर्दै अनमी उपाध्याय

**कमल कुमाल/मध्यान्ह**
कालिकोट, १० चैत



कर्णाली प्रदेशका दुर्गम क्षेत्रमा पनि महिला स्वास्थ्यकर्मीले चाहेमा जस्तो सुकै परिस्थितिमा काम गर्न सक्ने उदाहरण बनेकी छन् अनमी नविता उपाध्याय ।

पिठ्युँमा बच्चा बोकेर जनताको सेवामा समर्पित अनमी नविता उपाध्याय, पचालझरना गाउँपालिकाको स्वास्थ्य चौकी राम्नाकोटमा कार्यरत छिन् ।

पचालझरना गाउँपालिकाले गर्भवतीका लागि गाउँमै निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्न थालेसँगै अहिले गर्भवती महिलाहरुका लागि सेवा उपलब्ध गराउन आफुले जस्तो सुक्कै अवस्था आएपनि निरन्तर नागरिकप्रति उत्तरदायी भएर काम गरेको सि. अनमी उपाध्याय बताउँछिन् ।

गर्भवती तथा गर्भमा रहेका शिशुको स्वास्थ्य अवस्थाको जाँच गर्न जिल्ला अस्पताल तथा अन्य स्वास्थ्य संस्था धाउनुपर्ने बाध्यताको अन्त्य गर्न गाउँपालिकाले गाउँमै भिडियो एक्सरेको घुम्ती सेवा सञ्चालन गरेसँगै अहिले आफू महिनाको एक पटक वडा नम्बर.१, ४ र ७ का गर्भवती महिलाको चेकजाँच गर्न तथा सेवा प्रदान गर्न पुगेको उनले बताइन् ।

भौगोलिक हिसाबले जटिल पचाल झरना गाउँपालिका सबै वडामा यातायातको सहज पहुँच छैन, यस्तो कठिनाइका बीच पनि गर्भवतीको गर्भमा रहेको शिशु र आमा दुवैको स्वास्थ्य अवस्था जानकारी लिन सजिलो भएको स्वास्थ्य शाखा प्रमुख विरेन्द्र सज्यालले बताए । प्रत्येक वडामा पुगेर सेवा दिन शुरु गरेसँगै गर्भावस्थामा हुनेसक्ने समस्याको समयमै पहिचान गरी उपचार गर्न सकिने समेत सज्यालले भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Abdullah Ali Abdullah Al Abbas General Contracting Est. शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८०/१२/०९ चलानी नं.: ६०२१७०९९ LT. No.:302223

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

गोल्डेन इगल मेनपावर प्रा. लि.
श्रम इजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



## कुबेतमा रोजगार

कम्पनी: AL MUTAHEDAH CO FOR PROVIDING SECURITY SERVICES शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७११६ LT. No.: 302367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७३,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | reporter/carrier/cleaner | 25 | 0 | | 90 | ३८,९४० | | | | | | | |

कम्पनी: HOT ENGINEERING & CONSTRUCTION CO. शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/०९ चलानी नं.: ६०२१७११७ LT. No.: 302296

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Equipment Operator | 22 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८६,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 50 | 0 | | 170 | ७३,५५४ | | | | | | | |
| 3. | Light Driver | 28 | 0 | | 140 | ६०,५७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203, 9855051203



# Belaka Municipality
## Office of Municipal Executive

Rampur, Udayapur
Koshi Province, Nepal

### Letter of Intent to award the contract

Date of Publication: 2080.12.11

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following substantially responsive lowest evaluated bidder. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 33 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2.

| S.N. | Name of Project | Contract Identification No. | Name and address of successful Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Lalbazar-Ghareghat Road. | 07/BELAKA/NCB/W/ 2080-081 | Chaudandigadhi Nirman Sewa, chaudandigadhi-4, Basaha | 93,23,580.76 |

Chief Administrative Officer



## मलेसिया र साउदीमा रोजगार

कम्पनी: STL PLASTIC SDN.BHD. शहर: Malaysia,PINANG
पुर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७११४ LT. No.: 302411

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SHAMAL AL RIYADH HEALTHCARE COMPANY शहर: Saudi Arabia,Riyadh
पुर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७११५ L.T.No.:302385

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nursing Technician | 0 | 25 | स. काममा दक्ष | 3000 | १०६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ना विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



## कतारमा रोजगार

कम्पनी : AL SHIRA TRADING AND CONTRACTING CO. WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/१२/०९ चलानी नं.: ६०२१७०९० L.T. No.: 302200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 0 | 1 | | 1300 | ४७,४७६ | | | | | | | |
| 3. | Supervisior | 1 | 0 | | 2500 | ९१,३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185
9813065702/ 9841039034/ 9841071786 | Email: info.newlight1403@gmail.com



## कतारमा रोजगार

कम्पनी: ROHAN TRAD. CONT. & SERVICES शहर: Qatar, Doha
पूर्व स्वीकृत मितिः २०७९/०७/०६ चलानी नं.: ६०१८९९५० LT. No.: 274353 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 3 | 0 | स. काममा दक्ष | 2500 | ९१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2100 | ७६,६९२ | | | | | | | |
| 3. | General Supervisior | 1 | 0 | | 2500 | ९१,३०० | | | | | | | |
| 4. | Foreman | 5 | 0 | | 2500 | ९१,३०० | | | | | | | |
| 5. | Driver | 3 | 0 | | 1700 | ६२,०८४ | | | | | | | |
| 6. | Carpenter | 1 | 0 | | 1200 | ४३,८२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।



श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७८३३४७, फ्याक्स: ०१-४७८३३४८

## गरुडामा बैंकरहरुको र्‍याली

# गुणस्तरीय तथा भरपर्दो बैंकिङ सेवा उपलब्ध गराउने सामूहिक प्रतिबद्धता

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० चैत




जिल्लाको मध्यभागमा रहेको गरुडा तथा शिवनगरमा रहेका दर्जनौं बैंकहरुले आम नागरिकलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ सेवा उपलब्ध गराउन कुनै कसर बाँकी नराख्ने सामूहिक प्रतिबद्धता जनाएका छन् । बैंकप्रति आम नागरिकलाई अझै जिम्मेवार, जवाफदेही र विश्वासिलो बनाउने तथा बैंकबाट प्रदान गरिने विभिन्न सेवाहरुका बारेमा जानकारी दिने उद्देश्यले गरुडामा गरुडा र शिवनगरका सम्पूर्ण बैंकका कर्मचारीहरुले बृहत् र्‍याली प्रदर्शन गरेका छन् ।

'बैंकबाट कारोबार गर्नुहोस्, बचत तथा बैंकमा आफनो पैसा सुरक्षित गरी आफनो भविष्य सुरक्षित गर्नुहोस्' भन्ने मूल नाराका साथ इलाका प्रहरी कार्यालय गरुडाको अगाडिबाट निस्केको र्‍याली गरुडा बजार परिक्रमा गरी मेथुरचौधरी चोकमा गएर कोणसभामा गएर परिणत भएको थियो । र्‍यालीमा गरुडामा रहेका दर्जनौं बैंक तथा वित्तीय संस्थाका म्यानेजर र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

गरुडाका राष्ट्रिय वाणिज्य बैंक, एनएमबि बैंक, प्रभु बैंक, लक्ष्मी विकास बैंक, कैलाश विकास बैंक, मुक्तिनाथ बैंक, एभरेष्ट बैंक, एनआईसी एसिया बैंक, माच्छापुच्छ्रे बैंक, नबिल बैंक, कृषि विकास बैंक, सिद्धार्थ बैंक, सिटिजन्स बैंकका प्रबन्ध निर्देशक र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

बैंकमा ग्राहकले जम्मा गरेको निक्षेपको सुरक्षाको अवस्था, बैंकबाट लिएका ऋण कस्ता क्षेत्र वा व्यापारमा लगानी गर्ने, बैंकबाट लिइएको ऋण कसरी सदुपयोग गर्नेलगायतका विषयमा आम नागरिकलाई जानकारी दिने उद्देश्यका साथ सम्पूर्ण बैंकरहरुको सहभागितामा उक्त र्‍याली निकालिएको राष्ट्रिय वाणिज्य बैंक गरुडा शाखाका प्रबन्ध निर्देशक अरविन्द झाले जानकारी दिए । बैंकिङ कारोबार अन्य कारोबार भन्दा भरपर्दो र सुरक्षित रहेकाले बैंकबाट नै कारोबार गर्न झाले सबैलाई आग्रह गरे ।

उनले भने, 'वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त संस्था नै बैंक हो । रुपैयाँ बचत, त्यसको भुक्तानी, ऋण प्रवाह र अन्य सेवाहरु बैंकले प्रदान गर्छ । बैंकले बचतकर्ताबाट पैसा लिन्छ अनि दोस्रो व्यक्ति वा संस्थालाई ऋण दिन्छ । त्यसैले बैंकलाई वित्तीय मध्यस्थकर्ता पनि भनिन्छ', उनले भने, 'बैंकमा पैसा राख्नु भनेको आफ्नो कमाइलाई पारदर्शी र सुरक्षित बनाउनु हो, बैंकबाट पाउने ब्याज, भुक्तानी रकम वा निक्षेपको पूर्ण जानकारी पाउन सकिने भएको हुँदा बैंकबाट कारोबार गर्नेतिर सबै लाग्नुपर्छ ।'

देशको समग्र बैंकिङ तथा वित्तीय प्रणालीप्रति जनविश्वास बढाउन, निक्षेपकर्ताको हकहितको संरक्षण, सम्बर्द्धन गर्न, गुणस्तरीय तथा भरपर्दो बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराइ वित्तीय स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्थाहरुको प्रमुख दायित्व रहेको हुँदा सोहीअनुसार आफूहरुले काम गरिरहेको प्रबन्ध निर्देशक झाले बताए ।

त्यस्तै एनएमबि बैंक गरुडा शाखाका प्रबन्ध निर्देशक अर्जुनकुमार ठाकुरले सुरक्षित, गुणस्तरीय तथा भरपर्दो बैंकिङ सेवा उपलब्ध गराउन कुनै कसुर बाँकी नराखेको बताए । बैंकिङ क्षेत्रमा हुने गलत एवम् अपराधिक कार्यलाई रोक्न आफूहरुले कुनै कसुर बाँकी नराखेको बताउँदै प्रबन्ध निर्देशक ठाकुरले आम नागरिकलाई सरल एवम् सहज रुपमा सेवा उपलब्ध गराउने बैंकको प्रमुख दायित्व रहेकाले सोहीअनुसार सेवा प्रवाह गर्दै आएको बताए ।

त्यस्तै प्रभु बैंक गरुडा शाखाका प्रबन्ध निर्देशक रामेश्वर श्रेष्ठले बैंक प्रयोगर्ताहरुलाई आ-आफना अकाउण्टको यूजर आइडी र पासवर्ड कसैलाई नदिन तथा यस्ता संवेदनशील विषयमा सावधानी अपनाउन आग्रह गरे । पछिल्लो समय बैंकिङ ठगीका घटना बढेको भन्दै उनले ग्राहकहरुलाई आफ्नो बैंकिङ विवरण अन्य कसैलाई पनि नदिन र सचेत हुन आग्रह गरे । आफ्नो पासवर्ड, ओटीपी कोड, डेबिट तथा क्रेडिट कार्ड नम्बर, पिन नम्बर, सीभीभी लगायतका अन्य कुनै पनि बैंकिङ विवरण अरुसँग शेयर नगर्न उनले आग्रह गरे ।

साथै, उनले चिट्ठा तथा उपहार परेको प्रलोभनमा त्यसको नाममा भन्सार एवम् कर तिर्नुपर्ने भन्दै रकम जम्मा गर्न लगाएर ठगी गर्ने क्रमसमेत बढेकोले त्यस किसिमका भ्रम तथा प्रलोभनमा नपर्न पनि आग्रह गरे ।

# हुम्लाको अदानचुलीमा जिप दुर्घटना, दुई जनाको मृत्यु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १० चैत

हुम्लाको दक्षिण भेगमा पर्ने अदानचुली गाउँपालिकामा बोलेरो जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । अदानचुली गाउँपालिका वडा नम्बर ४ मा रहेको पाम्सको मोडमा सु प ००१११ ८३ नम्बरको जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा वडा नं ५ का अन्दाजी ३५ वर्षीय फागुने लोहार र सोही वडाका १३ वर्षीय प्रवेश एडीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरीक्षक रविन्द्र खनालले बताए । दुर्घटनामा अन्य ६ जना यात्रु घाइते भएको उनले जानकारी दिए ।

घाइते हुनेहरुमा वडा नं ५ का अन्दाजी ३५ वर्षका राम बहादुर ऐडी, सोही वडाका ४० वर्षका बलबहादुर बोहोरा र उनकी श्रीमती, सोही वडाका कुल टमट्टा घाइते भएका छन् भने जिप चालक जनक ठगुन्ना र सहचलक पनि घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेहरुलाई उपचारका लागि बाजुराको कोल्टी लगिएको छ । दुर्घटनामा परेको गाडी त्यहाँकै स्थानीय धनमल महताराको रहेको छ ।

# रुकुम पश्चिमबाट एसईई परीक्षामा ३ हजार ५ सय विद्यार्थी सहभागी हुँदै

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १० चैत



आगामी चैत १५ गतेदेखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा रुकुम पश्चिमबाट ३ हजार ५ सय बढी विद्यार्थी सहभागी हुने भएका छन् ।

जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइका अनुसार यस वर्षको एसईई परीक्षामा कुल ३ हजार ५ सय ९३ जना विद्यार्थीले सहभागिता जनाउने छन् । चैत २७ गतेसम्म सञ्चालन हुने परीक्षामा जिल्लाबाट साधारणतर्फ ३ हजार ४ सय १७ जना, प्राविधिकतर्फ ९६ जना र ग्रेड वृद्धितर्फ २७ जना विद्यार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाइ रुकुम पश्चिमले जानकारी दिएको छ ।

परीक्षामा जिल्लाका ७६ वटा सामुदायिक, १ खुला र ५ वटा संस्थागत विद्यालय गरी ८२ वटा विद्यालयहरूबाट विद्यार्थीहरू सहभागी हुनेछन् । यस्तै एसईईका लागि यहाँका २३ वटा विद्यालयमा परीक्षा केन्द्र तोकिएको छ ।

## UAE मा रोजगार | कम्पनी : AL MALEKA CARPENTRY DECOR PALACE
शहर : Dubai
पूर्व स्वीकृत मितिः २०८०/१२/०९ चलानी नं.: ६०२१७१२० LT. No.: 302326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Decorative Woodworker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plasterer | 5 | 0 | | 1200 | ४३,५३४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताब्विखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## KUWAIT मा वैदेशिक रोजगारको अवसर
कम्पनीः AL KHIYAL REAL TAILORING शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७११३ LT. No.: 302416

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Men's Tailor | 1 | 0 | स. काममा दक्ष | 140 | ६०,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनीः FAST BUILDING CONT. CO. (LLC) शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/२६ चलानी नं.: ६०२११४८४ L.T. No.: 296372 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant | 42 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BUILDING LABOURER | 47 | 0 | | 900 | ३२,६४३ | | | | | | | |
| 3. | Carpenter | 9 | 0 | | 1200 | ४३,५२४ | | | | | | | |
| 4. | Road Maintenance labourer | 30 | 0 | | 900 | ३२,६४३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## UAE मा रोजगार | कम्पनी: SK SOLUTIONS FACILITY SERVICES LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५८४४ LT. No.: 300932 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 15 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 15 | 0 | | 1500 | ५४,४०५ | | | | | | | |
| 3. | Packer | 25 | 0 | | 900 | ३२,६४३ | | | | | | | |
| 4. | Porter | 25 | 0 | | 900 | ३२,६४३ | | | | | | | |
| 5. | Security Guard | 25 | 10 | | 1500 | ५४,४०५ | | | | | | | |

